सर्वोच्च अदालत

# फैसला कार्यान्वयन निर्देशनालय

२०६६

बबरमहल, काठमाडौं
फोन न. ०१-४२६९६०२
फ्याक्सः ०१-४२४८२५१
Web: www.supremecourt.gov.np
E-mail: jed@supremecourt.gov.np


प स ०७५।०७६
च न १००

मिति २०७५।७।२८

श्री जिल्ला अदालत सबै ।

विषयः फैसला कार्यान्वयनको अभियान सम्बन्धमा ।

उपरोक्त विषयमा चालु आ.ब. (२०७५/२०७६) लाई फैसला कार्यान्वयन वर्षको रुपमा घोषणा गरी सम्बन्धित सरोकारवालाहरुको सहयोग र सहकार्यमा दण्ड जरिवाना असूली लाई अभियानका साथ संचालन गर्ने र सो कार्यको अनुगमन तथा आवश्यक समन्वय एवम् सहजीकरण फैसला कार्यान्वयन निर्देशनालयबाट गर्ने गरी सर्वोच्च अदालत (सम्माननीय प्रधानन्यायाधीश स्तर) बाट मिति २०७५।६।२७ मा भएको निर्णयानुसार अनुरोध छ ।

साथै, कार्यक्रमलाई उद्देश्यमुलक बनाउन तथा प्रभावकारी एवम् एकरुपताका साथ कार्यान्वयन गर्न देहाय अनुसार गर्नुहुन समेत अनुरोध छ ।

१. चालु आ.व. को बाँकी अवधिलाई फैसला कार्यान्वयन वर्षको रुपमा अभियानका साथ संचालन गर्न सरोकारबाला निकायहरुको सहयोग, समन्वय एवम् स्वामित्वबोधका लागि २०७५ साल मंसिर २ गतेका दिन जिल्ला न्यायक्षेत्र समन्वय समितिको आयोजनामा न्यायक्षेत्र समन्वय समिति, सुगमता र सहजताका आधारमा जिल्ला स्थित स्थानीय तहका पदाधिकारी एवम् अन्य सरोकारवालाहरुको उपस्थितिमा फैसला कार्यान्वयन वर्ष सम्बन्धी घोषणा कार्यक्रम संचालन गर्ने।
२. उक्त कार्यक्रममा सम्बन्धित अदालतबाट असूल गर्न बाँकी दण्ड जरिवानाको लगत, दण्ड जरिवाना असुलीलाई प्रभावकारी बनाउन सरोकारबाला निकायहरुको सहयोग सहकार्य तथा प्रतिवद्धताको बारेमा आपसी सम्वाद र छलफल गर्ने, बाँकी दण्ड, जरिवाना असूली गर्ने ।
३. दण्ड जरिवानाको लगत अद्यावधिक गर्ने मुद्दाका जिन्सीहरुको लिलाम बिक्री तथा व्यवस्थापन गर्ने समेतका कार्यहरुको आन्तरिक कार्यक्रम बनाइ निरन्तर कार्यान्वयन गर्ने ।
४. मुलुकी संहिताहरुको व्यवस्था बमोजिम लगत कट्टा तथा व्यवस्थापन सम्बन्धी कार्यहरु प्राथमिकतापुर्वक गर्ने । फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा जिल्ला अदालत नियमावली, २०७५ को व्यवस्था कार्यान्वयन गर्न सम्बन्धित निकायहरुसँग आपसी समन्वय गर्ने।
५. उपरोक्त बमोजिम भए गरेका कार्य तथा उपलब्धिहरुको बारेमा फैसला कार्यान्वयन निर्देशनालयलाई मासिक रुपमा जानकारी उपलब्ध गराउने । कार्यक्रमका सम्बन्धमा कुनै जानकारी आवश्यक परेमा फैसला कार्यान्वयन निर्देशनालय सँग सम्पर्क गर्ने ।

हरिराज कार्की
महानिर्देशक
महानिर्देशक